# मालपोत नियमावली, २०३६

नेपाल राजपत्रमा प्रकाशित मिति

२०३६।११।२०

**संशोधन**

| | |
|---|---|
| १. मालपोत (पहिलो संशोधन) नियमावली, २०४१ | २०४१।२।१ |
| २. मालपोत (दोश्रो संशोधन) नियमावली, २०५२ | २०५२।३।२६ |
| ३. मालपोत (तेस्रो संशोधन) नियमावली, २०५५ | २०५५।९।१३ |
| ४. मालपोत (चौथो संशोधन) नियमावली, २०५५ | २०५५।११।१० |
| ५. मालपोत (पाँचौ संशोधन) नियमावली, २०७१ | २०७१।४।१९ |
| ६. मालपोत (छैठौं संशोधन) नियमावली, २०७२ | २०७२।१०।४ |
| ७. मालपोत (सातौं संशोधन) नियमावली, २०७५ | २०७५।५।१८ |

मालपोत ऐन, २०३४ को दफा ३३ ले दिएको अधिकार प्रयोग गरी नेपाल सरकारले देहायका नियमहरु बनाएको छ ।

कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय

## परिच्छेद -१

## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यी नियमहरुको नाम “मालपोत नियमावली, २०३६” रहेको छ ।

(२) यो नियमावली ऐन प्रारम्भ भएको जिल्लामा तुरुन्त प्रारम्भ हुनेछ ।

२. **परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस नियमावलीमा,-

(क) “ऐन” भन्नाले “मालपोत ऐन, २०३४” सम्झनु पर्छ ।

(ख) “समिति” भन्नाले नियम १६ बमोजिमको हाल आवादी समिति सम्झनु पर्छ ।

◢(ग) “अनुमतिपत्र” भन्नाले भू-सेवा केन्द्र सञ्चालन गर्न नियम २३क. बमोजिम दिइएको अनुमतिपत्र सम्झनु पर्छ ।

◢(घ) “कार्यालय” भन्नाले मालपोत कार्यालय सम्झनु पर्छ ।

◢(ङ) “भू-सूचना प्रणाली” भन्नाले कार्यालयबाट प्रदान गरिने जग्गा प्रशासन सम्बन्धी सेवा सूचना प्रविधिको माध्यमबाट प्रदान गर्न प्रयोगमा ल्याइएको कम्प्यूटर एप्लिकेशन सफ्टवेयर सम्झनु पर्छ ।

⊞(च) “मन्त्रालय” भन्नाले कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्रालय सम्झनु पर्छ ।

◢(छ) “विभाग” भन्नाले भूमिसुधार तथा व्यवस्था विभाग सम्झनु पर्छ ।

---

◢ छैठौं संशोधनद्वारा थप ।

⊞ सातौ संशोधनद्वारा संशोधित ।

◢(ज) "भू-सेवा केन्द्र" भन्नाले भू-सूचना प्रणालीको माध्यमद्वारा सेवा प्रदान गर्न कार्यालयबाट खडा गरिएको वा नियम २३क. बमोजिम अनुमतिपत्र प्राप्त सेवा केन्द्र सम्झनु पर्छ ।

## परिच्छेद-२

## जग्गा र मालपोतको लगत

३. **जग्गा दर्ता:** (१) मालपोत कार्यालयले आफ्नो क्षेत्रभित्रको प्रत्येक जग्गा अनुसूची -१ बमोजिमको दर्ता किताबमा दर्ता गरी राख्नु पर्नेछ ।

(२) मालपोत कार्यालयले उपनियम (१) बमोजिम जग्गाको लगत अद्यावधिक गरी राख्नु पर्नेछ ।

(३) प्रचलित कानून बमोजिम कुनै जग्गाको मोही परिवर्तन भएमा सम्बन्धित कार्यालयले त्यसको सूचना मालपोत कार्यालयलाई दिनु पर्नेछ ।

🖶४. **नापी नक्सा छुट भएको जग्गा दर्ता गर्ने:** (१) नापी हुँदा नापी नक्सा गर्न छूट भएको जग्गा नापी नक्सा गराई दर्ता गर्न चाहने सम्बन्धित जग्गावालाले त्यस्तो जग्गामा भएको आफ्नो हकभोगको प्रमाणको प्रतिलिपि समेत संलग्न गरी सम्बन्धित मालपोत कार्यालयमा निवेदन दिनु पर्नेछ ।

(२) उपनियम (१) बमोजिम निवेदन प्राप्त भएमा सो निवेदन मालपोत कार्यालयले नियम ४ख. बमोजिमको समिति समक्ष पेश गर्नेछ र सो समितिले जग्गा नापी नक्सा गरी दर्ता गर्ने सिफारिस गरेमा मालपोत कार्यालयले सो जग्गा नापी नक्सा गराई सम्बन्धित व्यक्तिको नाममा दर्ता गर्न सक्नेछ ।

🖶४क. **दर्ता गर्न सम्म छुट हुन गएको जग्गा दर्ता गर्ने:** (१) जग्गा नाप जाँच ऐन, २०१९ बमोजिम नाप नक्सा भएको जग्गा दर्ता गर्न सम्म छुट भएमा त्यस्तो जग्गा दर्ता गर्न चाहने सम्बन्धित जग्गावालाले नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी तोकिदिएको म्याद भित्र देहायका कागजात समेत संलग्न गरी सम्बन्धित मालपोत कार्यालयमा निवेदन दिनु पर्नेछः-

(क) जग्गाको साविक दर्ताको प्रमाण,

(ख) जग्गाको तिरो तिरेको निस्सा वा प्रमाण,

(ग) उपलब्ध भएसम्म भूमि सुधार सम्बन्धी ७ नं. फाराम,

(घ) आवश्यक अन्य प्रमाण ।

(२) उपनियम (१) बमोजिम निवेदन प्राप्त भएमा मालपोत कार्यालयले सो जग्गाको सम्बन्धमा कसैको दावी भए पैंतीस दिन भित्र उजुर गर्न आउनु भनी सो जग्गा रहेको ठाउँमा वा सबैले देख्ने गरी सार्वजनिक ठाउँमा सूचना टाँस गर्नु पर्नेछ । त्यस्तो सूचना काठमाडौं उपत्यकाको

---

🖶 तेस्रो संशोधनद्वारा संशोधित ।



कानून तथा संसदीय मामिला मन्त्रालय

हकमा गोरखापत्रमा र काठमाडौं उपत्यका बाहिरका जिल्लाहरुको हकमा संभव भएसम्म स्थानीय पत्रपत्रिकामा प्रकाशन गर्नु पर्नेछ ।

(३) उपनियम (२) बमोजिम उजुर गर्ने म्याद नाघेपछि मालपोत कार्यालयले आवश्यक भएमा सम्बन्धित गाउँपालिका वा नगरपालिका समेत बुझी सो जग्गाको वास्तविक स्थिति देखिने गरी प्रतिवेदन तयार गर्न वा सो जग्गाको सधिंयारहरु राखि सरजमिन गराउन सक्नेछ ।

(४) यस नियम बमोजिम जग्गा दर्ता सम्बन्धमा कारवाई गर्दा मालपोत कार्यालय क्षेत्रीय किताबमा वन बुटेन, जंगल, झाडी वा वनसँग सम्बन्धित अन्य त्यस्तै व्यहोरा जनिएको जग्गाको सम्बन्धमा सम्बन्धित वन कार्यालयको र नदी उकास भएको जग्गाको सम्बन्धमा सम्बन्धित भू-संरक्षण कार्यालयको सहमति लिनु पर्नेछ ।

(५) उपनियम (२) (३) वा (४) बमोजिमको प्रक्रिया पूरा गरिसकेपछि मालपोत कार्यालयले प्राप्त निवेदन सहितको कागजात नियम ४ख. बमोजिमको समिति समक्ष पेश गर्नु पर्नेछ र त्यस्तो समितिले सो जग्गा दर्ता गर्न सिफारिश गरेमा मालपोत कार्यालयले उक्त जग्गा सम्बन्धित व्यक्तिको नाममा दर्ता गर्न सक्नेछ ।

🖶४ख. **जग्गा दर्ता समितिको गठनः** (१) ऐनको दफा ७ को उपदफा (१) र (२) को प्रयोजनको लागि प्रत्येक मालपोत कार्यालय क्षेत्रमा देहायका अध्यक्ष तथा सदस्यहरु रहेको एक जग्गा दर्ता समिति गठन हुनेछः—

(क) प्रमुख मालपोत कार्यालय -अध्यक्ष

(ख) प्रमुख, नापी शाखा -सदस्य

(ग) मालपोत कार्यालयको वरिष्ठ कर्मचारी -सदस्य

(२) उपनियम (१) बमोजिम गठित समितिको बैठक सम्बन्धी कार्यविधि सोही समितिले निर्धारण गरे बमोजिम हुनेछ ।

(३) उपनियम (१) बमोजिम गठित समितिलाई मालपोत विभागले समय समयमा आवश्यक निर्देशन दिन सक्नेछ र त्यस्तो निर्देशनको पालना गर्नु सो समितिको कर्तव्य हुनेछ ।

५. **मालपोतको लगतः** मालपोत कार्यालयले दर्ता किताबको आधारमा मालपोत लाग्ने प्रत्येक जग्गाको मालपोतको लगत तयार गरी अद्यावधिक गरी राख्नु पर्नेछ र सोही आधारमा मालपोत असूल गर्नु गराउनु पर्नेछ ।

⁂५क.**विवरण सच्याउने तगथा नामसारी, दाखिल खारेज गर्नेः** (१) ऐनको दफा ७ को उपदफा (३) बमोजिम कुनै विवरण सच्याउँदा मालपोत कार्यालयले आवश्यकता अनुसार देहायका कागजातहरु बुझ्न सक्नेछः-

(क) नाता प्रमाणपत्र,

---

🖶 तेस्रो संशोधनद्वारा संशोधित ।

⁂ तेस्रो संशोधनद्वारा थप ।

(ख) जग्गाधनी दर्ता प्रमाण पूर्जा,

(ग) नेपाली नागरिकताको प्रमाणपत्र,

(घ) सम्बन्धित गाउँपालिका वा नगरपालिकाको सिफारिस,

(ङ) जन्मदर्ता प्रमाणपत्र,

(च) आवश्यक अन्य प्रमाण ।

(२) मालपोत कार्यालयले प्रचलित कानून बमोजिम नामसारी वा दाखिल खारेज गर्नु पर्दा मृत्युदर्ता प्रमाणपत्र र उपनियम (१) बमोजिमका कागजातहरु समेत बुझ्न सक्नेछ ।

➲५ख. **<u>न्यूनतम मूल्य निर्धारण समितिको गठनः</u>** (१) रजिष्ट्रेशन हुने लिखतमा थैली अंक कायम गर्ने प्रयोजनको लागि प्रत्येक मालपोत कार्यालय क्षेत्रमा देहायका अध्यक्ष तथा सदस्यहरु रहेको एक न्यूनतम मूल्य निर्धारण समिति गठन हुनेछः—

(क) प्रमुख जिल्ला अधिकारी - अध्यक्ष

⊞(ख) जिल्ला समन्वय समितिको प्रमुख वा निजले तोकेको सो समितिको कुनै सदस्य - सदस्य

(ग) प्रमुख, नापी कार्यालय -सदस्य

(घ) आन्तरिक राजश्व कार्यालय भएको जिल्लामा सो कार्यालयको प्रमुख र सो कार्यालय नभएको जिल्लामा कोष तथा लेखा नियन्त्रण कार्यालयको प्रमुख - सदस्य

(ङ) नेपाल राष्ट्र बैङ्कले तोकेको स्थानीय वाणिज्य बैङ्कको प्रतिनिधि -सदस्य

(च) जिल्लास्थित उद्योग वाणिज्य संघको प्रतिनिधि - सदस्य

(छ) प्रमुख, मालपोत कार्यालय - सदस्य-सचिव

(२) उपनियम (१) बमोजिमको समितिको बैठकमा आवश्यकता अनुसार सम्बन्धित विषयका विज्ञलाई आमन्त्रण गर्न सकिनेछ ।

(३) उपनियम (१) बमोजिमको समितिले प्रत्येक वर्ष आषढ मसान्तभित्र जग्गाको न्यूनतम मूल्य निर्धारण गर्नेछ ।

(४) उपनियम (१) बमोजिमको समितिले रजिष्ट्रेशन हुने लिखतमा थैली अङ्क कायम गर्ने प्रयोजनको लागि देहायको आधारमा जग्गाको न्यूनतम मूल्य निर्धारण गर्न सक्नेछः-

(क) जग्गासँग सडक वा बाटो जोडिए नजोडिएको र नजोडिएको भए त्यसको प्रकार,

---

➲ पाँचौ संशोधनद्वारा संशोधित ।

⊞ सातौ संशोधनद्वारा संशोधित ।

कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय

(ख) जग्गाको प्रयोजनको अवस्था,

(ग) जग्गाको वस्तुगत अवस्थिति,

(घ) चालु आर्थिक वर्ष कारोवार भएको सोही क्षेत्रको खरिद विक्री मूल्य,

(५) उपनियम (१) बमोजिमको समितिले कुनै जग्गाको न्यूनतम मूल्य निर्धारण गर्दा चालु आर्थिक वर्षभन्दा कम मूल्य निर्धारण गर्नुपर्ने भएमा त्यसको कारण खुलाई स्वीकृतिको लागि नेपाल सरकार समक्ष पेश गर्नु पर्नेछ ।

(६) उपनियम (१) बमोजिमको समितिको बैठक सम्बन्धी कार्यविधि सो समिति आँफैले निर्धारण गरे बमोजिम हुनेछ।

⁑५ग. **<u>लगत कट्टा समितिको गठनः</u>** (१) व्यक्ति विशेषको जग्गा सार्वजनिक प्रयोजनको लागि दर्ता गर्न सम्बन्धित जग्गावालाको निवेदन परेमा त्यस्तो जग्गाबाट सो व्यक्तिको नाम कट्टा गर्ने सिफारिस गर्न प्रत्येक मालपोत कार्यालय क्षेत्रमा देहायका अध्यक्ष तथा सदस्यहरु भएको एक लगतकट्टा समिति गठन हुनेछः-

| | | |
|---|---|---|
| (क) | प्रमुख, मालपोत कार्यालय | - अध्यक्ष |
| (ख) | प्रमुख, नापी शाखा | -सदस्य |
| (ग) | जग्गा रहेको गाउँपालिकाको अध्यक्ष वा नगरपालिकाको प्रमुख वा निजले तोकेको गाउँपालिका वा नगरपालिकाको सदस्य | - सदस्य |

(२) उपनियम (१) बमोजिमको समिति बैठक सम्बन्धी कार्यविधि सो समिति आफैंले निर्धारण गरे बमोजिम हुनेछ ।

⁑५घ. **<u>घरजग्गा रोक्का वा फुकुवाः</u>** ⌘(१) प्रचलित कानून बमोजिम स्थापित कुनै बैङ्क, वित्तिय संस्था वा स्थानीय निकायले आफ्नो आर्थिक कारोबारको सिलसिलामा कुनै घर, जग्गा रोक्का राख्न लेखि पठाएमा मालपोत कार्यालयले सो घर, जग्गा कसैलाई बेचबिखन गर्न वा अरु कुनै प्रकारले हक हस्तान्तरण गर्न नपाउने गरी रोक्का किताबमा जनाई अधिकृतस्तरको कर्मचारीबाट प्रमाणित गरी रोक्का गर्नु पर्नेछ। त्यसरी रोक्का राख्दा बैङ्क वा वित्तीय संस्थाको हकमा मालपोत कार्यालयले अनुसूची-१क. बमोजिमको दस्तूर लिनेछ ।

(२) उपनियम (१) बमोजिम रोक्का रहेको जग्गा फुकुवा गर्न लेखि आएमा रोक्का किताबमा सो व्यहोरा जनाई मालपोत कार्यालयले त्यस्तो जग्गा फुकुवा, गरिदिनु पर्नेछ ।

## परिच्छेद -३

## <u>मालपोत असूली सम्बन्धी व्यवस्था</u>

---

⁑ तेस्रो संशोधनद्वारा थप ।

⌘ चौथो संशोधनद्वारा संशोधित ।



कानून तथा संसदीय मामिला मन्त्रालय

६. **<u>मालपोत असूल हुन बाँकी जग्गाको फाँटवारीः</u>** (१) ऐनको दफा १४ बमोजिम मालपोत नबुझाई बाँकी रहेको जग्गाको फाँटवारी मालपोत कार्यालयले तयार गर्दा देहाय बमोजिमको बिवरण खुलाई तयार गर्नु पर्नेछः-

(क) जग्गा धनीको नाम, थर र वतन,

(ख) मोहीयानी लागेको भए सो जग्गा कमाउनेको नाम, थर र वतन,

(ग) जग्गा रहेको गाउँपालिका वा नगरपालिका र वडा नम्बर,

(घ) जग्गाको कित्ता नम्बर, क्षेत्रफल र किसिम,

(ङ) लाग्ने मालपोत,

(च) असूल भएको मालपोत,

(छ) असूल हुन बाँकी मालपोत, र

(ज) अन्य रकम ।

⁂(१क) सरकारी कार्यालय वा स्थानीय निकायले कुनै जग्गाको मालपोत उठाएको भए त्यस्तो सरकारी कार्यालय वा स्थानीय तहले उपनियम (१) बमोजिम फाँटवारी तयार गरी मालपोत कार्यालयमा पठाउनु पर्नेछ।

(२) उपनियम ⁂<u>(१) र उपनियम (१क)</u> बमोजिम तयार भएको फाँटवारीको सूचना मालपोत कार्यालयले आफ्नो सूचना पाटीमा टाँस्नुको साथै जिल्ला प्रशासन कार्यालय, भूमिसुधार कार्यालय, ◆<u>जिल्ला समन्वय समिति, सम्बन्धित गाउँपालिका वा नगरपालिका</u> र जिल्लाको चल्तीको कुनै दुई ठाउँमा समेत टाँस्न लगाई प्रकाशित गर्नु पर्नेछ ।

(३) उपनियम (२) बमोजिम मालपोत कार्यालयले सूचना प्रकाशित गर्दा कुन गाउँपालिका वा नगरपालिकाको जग्गा कुन मितिमा लिलाम बिक्री हुने हो सो कुरा सूचनामा प्रष्ट खुलाई प्रकाशित गर्नु पर्नेछ ।

(४) उपनियम (२) र (३) बमोजिम सूचना प्रकाशित भएपछि सम्बन्धित जग्गावालालाई सूचना दिएको मानिनेछ ।

७. **<u>जग्गा लिलाम गर्नेः</u>** (१) ऐनको दफा १६ को उपदफा (१) बमोजिम मालपोत कार्यालयले मालपोत असूल उपर गर्न बाँकी रहेको जग्गा लिलाम बिक्री गर्दा जिल्ला प्रशासन कार्यालयको प्रतिनिधि साक्षी राखी लिलाम बिक्रीको निमित्त बढाबढ गर्नु पर्नेछ ।

(२) लिलाम सकार गर्ने व्यक्तिले सकार गरेको रकम तुरुन्त दाखिल गर्नु पर्नेछ र सो रकम दाखिल गर्न नसकेमा सकार गरेको रकमको सयकडा दश धरौटी दाखिल गरी बाँकी रकम तीन दिनभित्र दाखिल गर्नु पर्नेछ । सयकडा दश धरौटी राखेकोमा बाँकी रकम तीन दिनभित्र

⁂ तेस्रो संशोधनद्वारा थप ।

◆ दोश्रो संशोधनद्वारा संशोधित ।

दाखिल गर्न नसकेमा राखेको धरौटी जफत हुनेछ र त्यस्तो जग्गाको स्वामित्व नेपाल सरकारमा सर्नेछ ।

(३) लिलाम बिक्री सदर वा बदर गर्ने अन्तिम अधिकार नेपाल सरकारमा निहित रहनेछ ।

(४) लिलाम बिक्री सदर भएपछि मालपोत कार्यालयले सकार गर्नेको नाउँमा पैंतिस दिन भित्र त्यस्तो जग्गाको दाखिल खारेज गरी दिनु पर्नेछ । मोहीयानी लागेको जग्गा भए मालपोत कार्यालयले मोहीलाई पनि त्यसको सूचना दिनु पर्नेछ ।

(५) लिलाम बिक्री बदर भएकोमा भने मालपोत कार्यालयले सकार गर्नेलाई पैंतीस दिन भित्र सूचना दिनु पर्नेछ ।

८. **<u>सकार नभएमा जग्गाको बिक्री वितरणः</u>** (१) ऐनको दफा १६ को उपदफा (३) बमोजिम लिलाम सकार नभई नेपाल सरकारको स्वामित्वमा आएको जग्गा मालपोत कार्यालयले प्रत्येक साल चैत्र १ गतेदेखि १५ गतेसम्म बढाबढ गरी बिक्री वितरण गर्नु पर्नेछ ।

(२) उपनियम (१) बमोजिम बढाबढ गरी बिक्री वितरण गर्दा नियम ७ को व्यवस्था लागू हुनेछ ।

(३) उपनियम (१) बमोजिम बढाबढ गरी बिक्री गर्दा कसैले सकार नगरेमा वा बढाबढ बदर भएमा त्यस्तो जग्गा नेपाल सरकारले कुनै संस्था वा व्यक्तिलाई बढाबढ नगरी प्रचलित दरभाउमा बिक्री वितरण गर्न सक्नेछ ।

९. **<u>जग्गा बिक्री वितरण नभए सम्मको व्यवस्थाः</u>** ऐनको दफा १६ को उपदफा (५) बमोजिम नेपाल सरकारको स्वामित्वमा आएको जग्गाको बिक्री वितरण नभएसम्म मालपोत कार्यालयले कुनै संस्था वा व्यक्ति मार्फत त्यस्तो जग्गाको कमोत गर्ने वा कूत असूल गर्ने व्यवस्था मिलाउन सक्नेछ ।

१०. **<u>बैङ्क मार्फत मालपोत दाखिल गर्न सकिनेः</u>** (१) जग्गावालाले आफ्नो नाम, थर, वतन र जग्गा रहेको गाउँपालिका वा नगरपालिका वडा नम्बर, कित्ता नम्बर, किसिम र क्षेत्रफल समेत खोली बुझाउनु पर्ने मालपोत सम्बन्धित मालपोत कार्यालयको नाउँमा नेपाल राष्ट्र बैङ्क भएको ठाउँमा सो बैङ्कमा र सो नभएको ठाउँमा अन्य बैङ्कमा दाखिला गरी त्यसको भौचर सम्बन्धित मालपोत कार्यालयमा दाखिला गर्न सक्नेछ ।

(२) उपनियम (१) बमोजिम बैङ्क दाखिला गरेको भौचर सम्बन्धित मालपोत कार्यालयमा मालपोत दाखिल गर्ने म्याद भित्र पुगी सक्नु पर्नेछ । सो म्याद भित्र भौचर मालपोत कार्यालयमा नपुगेमा मालपोत म्यादभित्र बुझाएको मानिने छैन ।

(३) बैङ्क दाखिला गरिएको भौचर म्याद भित्र मालपोत कार्यालयमा नपुगी जग्गा लिलाम सदर भैसकेको भए त्यस्तो बैङ्क दाखिल भए बमोजिमको रकम सो जग्गावालालाई फिर्ता दिइनेछ ।

## परिच्छेद -४

## <u>मालपोत मिन्हा सम्बन्धी व्यवस्था</u>

कानून तथा न्याय मन्त्रालय संसदीय मामिला मन्त्रालय

११. **<u>नदीकाट, बालुबुर्ज भएमा वा पहिरो गएमा:</u>** नदीकाट बालुबुर्ज भई वा पहिरो गई ऐनको दफा २० को उपदफा (१) बमोजिम दर्खास्त दिंदा सम्बन्धित जग्गावालाले सो घटना घटेको पैंतिस दिन भित्र अनुसूची-२ बमोजिमको ढाँचामा दरखास्त दिनु पर्नेछ ।

१२. **<u>सुक्खा वा अन्य दैवी प्रकोपले बाली हुन नसकेमा मालपोत मिन्हा दिने:</u>** (१) ऐनको दफा २१ बमोजिम बाली नोक्सान भएमा बाली खडा छँदै त्यस्तो नोक्सान पर्ने व्यक्तिले कार्तिक १५ गतेसम्ममा मालपोत कार्यालयमा दरखास्त दिनु पर्नेछ ।

(२) उपनियम (१) बमोजिम दरखास्त परेमा मालपोत कार्यालयले सोही सालको मार्ग १५ गतेसम्म जाँचबुझ र सरजमीन समेत गरी नोक्सानीको अनुपातमा के कति मिन्हा दिनु पर्ने हुन्छ ठहर गरी नेपाल सरकारमा जाहेर गर्नु पर्नेछ ।

(३) उपनियम (२) बमोजिम नाप जाँच र सरजमीन नभएसम्म जग्गावालाले सम्बन्धित बाली काट्न हुँदैन ।

## ✂परिच्छेद -५

..............

## परिच्छेद -६

## <u>जग्गा आवाद गर्ने सम्बन्धी व्यवस्था</u>

१६. **<u>हाल आवादी समिति:</u>** (१) ऐनको दफा १६ को उपदफा (१) को प्रयोजनको लागि देहायबमोजिमको हाल आवादी समिति हुनेछः-

| | |
|---|---|
| (क) मालपोत कार्यालयका प्रमुख | -अध्यक्ष |
| (ख) प्रतिनिधि, जिल्ला प्रशासन कार्यालय | -सदस्य |
| (ग) भूमिसुधार अधिकारी वा प्रतिनिधि | -सदस्य |
| ◆(घ) प्रतिनिधि, जिल्ला समन्वय समिति | - सदस्य |
| (ङ) जिल्ला वन कार्यालयको प्रमुख वा प्रतिनिधि | -सदस्य |
| (च) पुनर्वास सम्बन्धी कार्यालयको प्रतिनिधि (सो कार्यालय भएकोमा) | -सदस्य |

(२) समितिको वैठक र कार्यविधि देहाय बमोजिम हुनेछः-

(क) समितिको बैठक आवश्यकता अनुसार अध्यक्षले तोकेको समय, मिति र स्थानमा बस्नेछ ।

(ख) अध्यक्षले तोकेको कर्मचारीले समितिको सचिव भई काम गर्नेछ ।

कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय

✂ तेस्रो संशोधनद्वारा खारेज ।

◆ दोश्रो संशोधनद्वारा संशोधित ।

(ग) चारजना सदस्य उपस्थित भएमा समितिको गण पूरक संख्या पुगेको मानिनेछ ।

(घ) समितिको बैठकमा बहुमतको राय मान्य हुनेछ र मत बराबर भएमा अध्यक्षले निर्णयात्मक मतसमेत दिन पाउनेछ ।

(ङ) समितिको बैठकमा अपनाइने अन्य कार्यविधि समिति आफैले निर्धारित गर्न सक्नेछ ।

१७. **हाल आवादीको लागि दिइने दरखास्त र वितरण गरिने जग्गाको अधिकतम हद:** (१) ऐनको दफा १६ को उपदफा (२) बमोजिम दर्ता नभएको जग्गा हाल आवाद गर्न स्वीकृतिको लागि समिति समक्ष कसैले दर्खास्त दिंदा निज वा निजको परिवारको नाममा जग्गावाला वा मोहीको हैसियतले केही कुनै जग्गा नभएमा वा जग्गा भए पनि भित्री मधेशलगायत तराई क्षेत्रमा भए चार विगहा, काठमाडौं उपत्यकामा भए दश रोपनी वा अन्य क्षेत्रमा भए बीस रोपनी भन्दा घटी जग्गा भएमा मात्र निजले दर्खास्त दिन पाउने छ र त्यसरी दर्खास्त दिंदा अनुसूची-३ बमोजिमको ढाँचामा दिनु पर्नेछ ।

(२) उपनियम (१) बमोजिम दर्खास्त दिने व्यक्ति वा निजको परिवारको नाममा जग्गावाला वा मोहीको हैसियतले केही कुनै जग्गा नभएमा समितिले त्यस्तो व्यक्तिलाई भित्री मधेशलगायत तराई क्षेत्रमा भए चार विगहा, काठमाडौं उपत्यकामा भए दश रोपनी र अन्य क्षेत्रमा भए बीस रोपनीमा नबढ्ने गरी जग्गा हाल आवाद गर्न स्वीकृत दिन सक्नेछ ।

(३) उपनियम (१) बमोजिम दर्खास्त दिने व्यक्ति वा निजको परिवारको नाममा जग्गावाला वा मोहीको हैसियतले भित्री मधेशलगायत तराई क्षेत्रमा भए चार विगाहा, काठमाडौं उपत्यकामा भए दश रोपनी वा अन्य क्षेत्रमा भए बीस रोपनीभन्दा घटी जग्गा भएमा समितिले त्यस्तो व्यक्तिलाई माथि उल्लेखित विगहा वा रोपनीमा नबढ्ने जग्गासम्म मात्र हाल आवाद गर्न स्वीकृति दिन सक्नेछ।

(४) कुनै शिक्षण संस्था, गाउँपालिका वा नगरपालिका वा अन्य कुनै सामाजिक संस्थालाई हाल आवादी गर्न स्वीकृति दिंदा उपुनियम (१), (२) वा (३) मा तोकिएको हद लागू हुने छैन ।

(५) यस परिच्छेदको प्रयोजनको लागि "परिवार" भन्नाले पति, पत्नी, अंश छुट्टिएको वा नछुट्टिएको भएतापनि नाबालक छोरा तथा अविवाहिता छोरी सम्झनुपर्छ ।

१८. **जाँचबुझ गर्नु पर्ने:** (१) समितिले जग्गा आवाद गर्न स्वीकृति दिनुभन्दा अघि सो जग्गा ऐनको दफा २४ बमोजिम आवाद गर्न नहुने जग्गा हो होइन त्यसको सरजमीन गरी आवाद गर्न दिन हुने भए आवश्यक नाप जांच समेत गरी समितिमा पेश गर्न मालपोत कार्यालयलाई लेख्नु पर्नेछ र समितिले चाहेमा आफैले पनि जांचबुझ गर्न सक्नेछ ।

(२) उपनियम (१) बमोजिम समितिबाट लेखी आएमा मालपोत कार्यालयले पनि सो बमोजिम गरी समितिमा आवश्यक विवरण पेश गर्नु पर्नेछ ।

कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय

१९. <u>**दर्ता दस्तूरः**</u> (१) हाल आवादी गर्न स्वीकृति दिएको जग्गा दर्ता गर्दा सो जग्गामा लाग्ने एक वर्षको मालपोतको अङ्कको दश दोव्बर रकम जग्गा पाउने व्यक्तिबाट जग्गा आवाद गर्न पाए वापतको दस्तूर मालपोत कार्यालयले असूल गर्नेछ ।

(२) उपनियम (१) बमोजिमको दस्तूर किस्ताबन्दीमा दश वर्षभित्र बुझाउन पाउने गरी समितिले तोकीदिन सक्नेछ ।

२०. <u>**हाल आवादीमा जग्गा पाउने प्राथमिकताः**</u> (१) कुनै एकै जग्गा आवाद गर्न स्वीकृतिको लागि एक भन्दा बढी व्यक्तिको दरखास्त परेमा समितिले देहायको प्राथमिकताक्रमको आधारमा जग्गा आवाद गर्न स्वीकृति दिनेछः-

(क) खोलो, पहिरो, बाढी वा अन्य दैवी प्रकोपमा परी कुनै ठाउँमा केही जग्गा नभएको व्यक्ति,

(ख) बन्दव्यापार वा कुनै नोकरी पेशा व्यवसाय नभई घर घडेरी बाहेक कुनै ठाउँमा केही जग्गा नभएको व्यक्ति,

(ग) आफ्नो जग्गा नभई समितिबाट आवाद गर्न दिइने अधिकतम हदभन्दा घटी जग्गा कमाउने व्यक्ति,

(घ) समितिबाट आवाद गर्न दिइने अधिकतम हदभन्दा घटी जग्गा हुने व्यक्ति,

(ङ) सन्धी सर्पन गर्ने संधियार ।

(२) उपनियम (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि हाल आवादीको प्राथमिकताक्रमको हकमा देहायको अवस्थामा देहाय बमोजिम हुनेछः-

(क) एकै क्रममा पर्ने व्यक्तिहरुमा स्थानीय व्यक्ति र अर्को इलाकाको व्यक्ति परेमा स्थानीय व्यक्तिलाई पहिलो प्राथमिकता दिइनेछ ।

(ख) हाल आवादी गर्न दिइने जग्गा यो नियमावली प्रारम्भ हुंदाको वखत कसैले जोतभोग गरिरहेको भए त्यस्तो जग्गाको हकमा उक्त प्राथमिकताक्रम लागू हुने छैन ।

(ग) नियम १७ को उपनियम (४) बमोजिमको संस्थालाई हाल आवाद गर्न दिंदा उक्त प्राथमिकताक्रम लागू हुने छैन ।

२१. <u>**जग्गा आवाद गर्ने पालन गर्नु पर्ने शर्तः**</u> (१) हाल आवादीमा जग्गा पाउनेले त्यस्तो जग्गा आफ्नो वा आफ्नो परिवारको श्रमले आवाद गर्नु पर्नेछ ।

(२) हाल आवादीमा पाएको जग्गा आफ्नो नाममा दर्ता भएको मितिले दश वर्षसम्म अरुलाई हक छाडी दिन वा कृषि विकास बैङ्क वा साझा संस्था बाहेक अरुलाई धितो बन्धकी राख्न हुंदैन ।

(३) आफुसँग भएको जग्गाको सम्बन्धमा झुट्ठा बिवरण दिई हाल आवादीमा जग्गा प्राप्त गरी आवाद गर्न हुंदैन ।

कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय

(४) उपनियम (१), (२) वा (३) मा उल्लिखित कुराहरु उल्लंघन गरेमा मालपोत कार्यालयले सो जग्गाको दर्ता बदर गरी त्यस्तो जग्गा नियम १७ र २० को अधीनमा रही बिक्री वितरण गर्न सक्नेछ ।

२२. **जग्गा दर्ता गर्नेः** समितिबाट जग्गा आवाद गर्न स्वीकृति दिएपछि मालपोत कार्यालयले नियम १९ बमोजिम दस्तूर लिई सो जग्गा हाल आवादीमा जग्गा पाउने दर्खास्तवालाको नाममा दर्ता गरी निजलाई जग्गाधनी दर्ता प्रमाण पूर्जा समेत दिनेछ ।

⁂२२ क. **सरकारी र सार्वजनिक जग्गाको दर्ता अधावधिक गरी राख्नु पर्नेः** (१) मालपोत कार्यालयले आफ्नो क्षेत्रभित्रको सरकारी र सार्वजनिक जग्गा दर्ता गरी क्रमशः अनुसूची-२क. र अनुसूची-२ख. बमोजिमको अभिलेखमा अद्यावधिक गरी राख्नु पर्नेछ ।

(२) उपनियम (१) बमोजिम सरकारी र सार्वजनिक जग्गाको दर्ता अद्यावधिक गर्दा मालपोत कार्यालयले क्षेत्रीय किताब र आवश्यक भएमा अन्य प्रमाणहरु समेत बुझ्न सक्नेछ ।

(३) उपनियम (१) बमोजिम दर्ता गरिएको सरकारी र सार्वजनिक जग्गाको संरक्षण गर्ने दायित्व सम्बन्धित मालपोत कार्यालयको हुनेछ ।

२३. **पुरानो हाल आवादीसम्बन्धीः** (१) यो नियमावली प्रारम्भ हुनुभन्दा अघि हाल आवादी सम्बन्धी दरखास्त परी जाँच बुझ र सरजमीन भई तत्कालीन हाल आवादी समितिले बढी दर्ता गर्ने निर्णय भइसेकेको जग्गाको हकमा मालपोत कार्यालयले नियम १९ बमोजिम दस्तूर लिई दर्खास्तवालाको नाममा सो जग्गा दर्ता गरी दिनु पर्नेछ ।

(२) यो नियमावली प्रारम्भ हुनुभन्दा अघि हाल आवादीको लागि दर्खास्त मात्र परेकोमा मालपोत कार्यालयले त्यस्तो जग्गाको हकमा नियम १८ बमोजिम आवश्यक नाप जांच गरी समितिमा निर्णयको लागि पेश गर्नु पर्नेछ ।

## ◢परिच्छेद-६ क.

## सेवा केन्द्र सम्बन्धी

२३क. **भू-सेवा केन्द्र सम्बन्धी व्यवस्थाः** (१) मन्त्रालयले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी तोकेको ४......... कार्यालयबाट भू-सूचना प्रणाली (अनलाइन समेत) को माध्यमद्वारा जग्गा प्रशासन सम्बन्धी सेवा प्रदान गर्न आवश्यक व्यवस्था गर्न, गराउन सक्नेछ ।

⌗(१क) उपनियम (१) बमोजिम भू(सूचना प्रणालीको माध्यमद्वारा जग्गा प्रशासन सम्बन्धी सेवा प्रदान गर्न तोकिएको कार्यालयले आफ्नो कार्यालयको कार्यक्षेत्रका सबै क्षेत्रमा एकैपटक त्यस्तो

⁂ तेस्रो संशोधनद्वारा थप ।

◢ छैठौं संशोधनद्वारा थप ।

४ सातौं संशोधनद्वारा झिकिएको ।

⌗ सातौं संशोधनद्वारा थप ।

सेवा लागू गर्न सकिने अवस्था नभएमा पूर्वाधार तयार भएका क्षेत्रबाट क्रमशः त्यस्तो सेवा उपलब्ध गराउनेछ

(२) उपनियम (१) को प्रयोजनको लागि कार्यालयले आफ्नो कार्यालयमा भू-सेवा केन्द्र खडा गर्न सक्नेछ ।

(३) उपनियम (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि भू-सूचना प्रणालीको माध्यमबाट सेवा प्रदान गर्न चाहिने व्यक्ति वा संस्थाले अनुसची -४ बमोजिमको ढाँचामा सम्बन्धित कार्यालय समक्ष निवेदन दिन सक्नेछन् ।

**<u>स्पष्टीकरणः</u>** यस परिच्छेदको प्रयोजनको लागि व्यक्ति भन्नाले कानून व्यवसायी वा लेखापढी व्यवसायीलाई समेत जनाउँछ ।

(४) उपनियम (३) बमोजिम सेवा प्रदान गर्न चाहने स्थानीय निकायले अनुसूची-४ बमोजिमको ढाँचामा सम्बन्धित कार्यालय समक्ष निवेदन दिन सक्नेछ ।

(५) उपनियम (३) र (४) बमोजिम प्राप्त भएको निवेदन जाँचबुझ गर्दा निवेदकलाई अनुमतिपत्र दिन मनासिब देखिएमा कार्यालयले नियम २३ग. बमोजिमको दस्तुर लिई निजलाई अनुसूची-५ बमोजिमको ढाँचामा अनुमतिपत्र दिनु पर्नेछ ।

२३ख. **<u>भू-सेवा केन्द्र सञ्चालनको लागि चाहिने योग्यता तथा पूर्वाधारः</u>** (१) अनुमतिपत्र लिनको लागि देहाय बमोजिमको योग्यता तथा पूर्वाधार हुनु पर्नेछः-

(क) व्यक्तिको हकमा,

(१) नेपाली नागरिक,

(२) अठार वर्ष उमेर पूरा भएको,

(३) कम्प्यूटर विषय लिई कम्तीमा प्रवीणता प्रमाणपत्र तह वा सो सरह उत्तीर्ण गरेको वा अन्य विषयमा सो सरहको योग्यता भई कम्प्यूटर सम्बन्धी कम्तीमा छ महिनाको तालीम प्राप्त गरेको,

(४) प्रचलित कानून बमाजिम स्थायी लेखा नम्बर लिएको,

(५) भू-सेवा केन्द्र सञ्चालनको लागि विभागले तोके बमोजिमको भौतिक पूर्वाधार भएको ।

(ख) संस्थाको हकमा त्यस्तो संस्था प्रचलित कानून बमोजिम सेवा प्रदायक संस्थाको रुपमा दर्ता भई खण्ड (क) को उपखण्ड (१), (२) र (३) बमोजिमको योग्यता पुगेको जनशक्ति तथा संस्थाको नाममा स्थायी लेखा नम्बर भएको र उपखण्ड (५) बमोजिमको पूर्वाधार भएको,

(ग) स्थानीय निकायको हकमा भू-सेवा केन्द्र सञ्चालन गर्न आवश्यक जनशक्ति एवं पूर्वाधार भएको ।

कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय

(२) उपनियम (१) को खण्ड (क) को उपखण्ड (३) मा जुनसुकै कुरा लेखिएको भए तापनि कानून व्यवसायी वा लेखापढीको प्रमाणपत्र प्राप्त व्यक्तिको हकमा सो उपखण्ड बमोजिमको योग्यता आवश्यक पर्ने छैन ।

२३ग. **अनुमतिपत्रको दस्तुर, अवधि तथा नवीकरण सम्बन्धी व्यवस्थाः** (१) भू-सेवा केन्द्र सञ्चालनको लागि अनुमतिपत्र लिन देहाय बमोजिमको दस्तुर लाग्नेछः-

(क) व्यक्तिको हकमा तीन हजार रुपैयाँ,

(ख) संस्थाको हकमा पाँच हजार रुपैयाँ ।

(२) भू-सेवा केन्द्र सञ्चालनको अनुमतिपत्र लिन चाहने व्यक्ति वा संस्थाले देहाय बमोजिमको रकम वा सो बराबरको बैक ग्यारेन्टी धरौटीको रुपमा कार्यालयले तोकिदिएको बैङ्कमा कार्यालयको नाममा राख्नु पर्नेछः—

(क) व्यक्तिको हकमा पचास हजार रुपैयाँ,

(ख) संस्थाको हकमा दुई लाख रुपैयाँ ।

(३) उपनियम (१) र (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि स्थानीय तहले भू—सेवा केन्द्र सञ्चालन गर्ने अनुमतिपत्र लिन वा अनुमतिपत्र नवीकरण गर्नको लागि कुनै दस्तुर तथा धरौटी बुझाउनु पर्ने छैन ।

(४) अनुमतिपत्रको अवधि एक आर्थिक वर्षको हुनेछ ।

(५) अनुमतिपत्र नवीकरण गराउन चाहने व्यक्ति वा संस्थाले अनुमतिपत्र अवधि समाप्त हुनुभन्दा अगावै नवीकरण बापत तीन हजार रुपैयाँ दस्तुर सहित देहायका कागजात संलग्न गरी कार्यालय समक्ष निवेदन दिनु पर्नेछः

(क) कर चुक्ताको प्रमाणपत्र,

(ख) बैङ्क ग्यारेन्टीको हकमा नवीकरण अवधिको बैङ्क ग्यारेन्टी,

(ग) आफूले गरेको काम सम्बन्धी विवरण ।

(६) उपनियम (५) मा जुनसुकै कुरा लेखिएको भए तापनि स्थानीय तहले अनुमतिपत्र नवीकरण गर्दा आफूले गरेको काम सम्बन्धी विवरण मात्र पेश गरे हुनेछ।

(७) उपनियम (५) बमोजिमको अवधिभित्र अनुमतिपत्र नवीकरण गराउन नसक्ने व्यक्ति वा संस्थाले सो उपनियम बमोजिमको अवधि समाप्त भएको नब्बे दिनभित्र थप दुई हजार रुपैयाँ दस्तुर तिरी नवीकरण गराउन सक्नेछ ।

(८) उपनयम (५) वा (७) बमोजिम अनुमतिपत्र नवीकरणको लागि निवेदन परेमा कार्यालयले सो विषयमा आवश्यक जाँचबुझ गरी त्यस्तो अनुमतिपत्र नवीकरण गरिदिनु पर्नेछ ।

(९) उपनियम (५) बमोजिम अनुमतिपत्र नवीकरण नगराएमा वा उपनियम (६) बमोजिमको अवधि समाप्त भएमा त्यस्तो अनुमतिपत्र प्राप्त स्थानीय तह, व्यक्ति वा संस्थाले यस नियमावली बमोजिमको भू-सेवा केन्द्र सञ्चालन गर्न पाउने छैन ।

कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय

२३घ. **<u>भू-सेवा केन्द्रबाट प्रदान गरिने सेवाहरुः</u>** भू-सेवा केन्द्रले देहाय बमोजिमको सेवा प्रदान गर्न सक्नेछः-

(क) निवेदन तथा फाराम अनलाइनबाट भर्ने,

(ख) कार्यालयमा पेश गरिने निवेदन तथा लिखतको लागि आवश्यक कागजात स्क्यान गरी संलग्न (एटयाच) गर्ने,

(ग) निवेदन र फाराम भू-संरचना प्रणालीमा दर्ता गरी त्यस्ता निवेदन र फाराम प्रिन्ट गरी सम्बन्धित व्यक्तिलाई उपलब्ध गराउने,

(घ) जग्गा प्रशासन सम्बन्धी आवश्यक सूचना सेवाग्राहीलाई प्रदान गर्ने,

(ङ) समय-समयमा मन्त्रालयको सूचना जारी गरी तोकेका अन्य सेवाहरु प्रदान गर्ने ।

२३ङ. **<u>युजर एकाउण्ट उपलब्ध गराउनेः</u>** कार्यालयले अनुमतिपत्र प्राप्ति स्थानीय तह, व्यक्ति वा संस्थालाई भू-सेवा केन्द्र सञ्चालन गर्ने प्रयोजनको लागि युजर एकाउण्ट उपलब्ध गराउनेछ ।

२३च. **<u>धरौटी रकम फिर्ता गर्नु पर्नेः</u>** (१) अनुमतिपत्र प्राप्त व्यक्ति वा संस्थाले भू-सेवा केन्द्र सञ्चालन नगरेमा कार्यालयले निजद्वारा राखिएको धरौटी फिर्ता दिनु पर्नेछ ।

(२) उपनियम (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि नियम २३ज. को उपनियम (२) को कारणबाट अनुमतिपत्र रद्द भएमा धरौटी रकम फिर्ता हुने छैन ।

२३छ. **<u>जग्गाधनी दर्ता श्रेस्ता र जग्गाधनी दर्ता प्रमाणपूर्जा तयार गर्नेः</u>** जग्गा (नाप जाँच) नियमावली, २०५८ मा जुनसुकै कुरा लेखिएको भए तापनि भू-सेवा केन्द्र लागू भएको जिल्लाका कार्यालयले अनुसूची-६ र ७ बमोजिमको ढाँचामा क्रमशः जग्गाधनी दर्ता श्रेस्ता र जग्गाधनी दर्ता प्रमाणपूर्जा तयार गर्नेछ ।

२३ज. **<u>अनुमतिपत्र रद्द गर्न सक्नेः</u>** (१) कार्यालयले देहायको अवस्थामा भू-सेवा केन्द्रको अनुमतिपत्र रद्द गर्नेछः-

(क) अनुमतिपत्र प्राप्त व्यक्ति नैतिक पतन देखिने फौजदारी अभियोगमा अदालतबाट दोषी प्रमाणित भएमा,

(ख) अनुमतिपत्र प्राप्त कुनै संस्थाको प्रचलित कानून बमोजिम दर्ता खारेज भएमा,

(ग) नियम २३ग. बमोजिम अनुमतिपत्र नवीकरण नगराएमा ।

(२) कार्यालयले देहायको अवस्थामा भू-सेवा केन्द्रको अनुमतिपत्र रद्द गर्न सक्नेछः-

(क) झुट्टा विवरण वा कागजात पेश गरी अनुमतिपत्र प्राप्त गरेमा,

(ख) झुट्टा विवरण वा कागजात भू-सूचना प्रणालीमा प्रविष्ट र संलग्न (एटयाच) गरेको पाइएमा,

(ग) अनुमतिपत्र अनधिकृत रुपमा अरुलाई प्रयोग गर्न दिएमा,

(घ) सेवाग्राहीलाई गलत सूचना दिई हानी नोक्सानी पुऱ्याएमा,

(ङ) कार्यालयले दिएको निर्देशन पालना नगरेमा।

३) उपनियम (२) बमोजिम अनुमतिपत्र रद्द गर्नु अघि कार्यालयले त्यस्तो अनुमतिपत्र प्राप्त व्यक्ति वा संस्थालाई सफाई पेश गर्ने मौका दिनु पर्नेछ ।

कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय

२३झ. **भू-सूचना प्रणाली (अनलाइन) को प्राविधिक परीक्षणः** (१) भू-सूचना प्रणाली (अनलाइन) को प्राविधिक परीक्षण (सिष्टम अडिट) आवश्यकता अनुसार सूचना प्रविधि विभाग /राष्ट्रिय सूचना प्रविधि केन्द्रबाट गर्नु पर्नेछ ।

(२) उपनियम (१) बमोजिम प्राविधिक परीक्षण गरी दिइएका सुझाव अनुसार प्रणाली सुधार गर्दै जानु पर्नेछ।

## परिच्छेद-७

## विविध

२४. **पुनर्वासद्वारा बिक्री वितरण भएको जग्गाः** पुनर्वाससम्बन्धी प्रचलित नेपाल कानून बमोजिम बिक्री वितरण भएको जग्गाको लगत सम्बन्धित कार्यालयले मालपोत कार्यालयमा दिनु पर्नेछ ।

२५. **लागू नहुनेः** यो नियमावली प्रारम्भ भएको जिल्लामा भूमि प्रशासन नियमहरु, २०२४ लागू हुने छैनन्।

✡२६. **अनुसूचीमा हेरफेर गर्न सक्नेः** नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी यस नियमावलीको अनुसूचीमा आवश्यकतानुसार हेरफेर गर्न सक्नेछ ।

◢२७. **निर्देशिका बनाई लागू गर्न सक्नेः** यस नियमावलीको कार्यान्वयनको लागि मन्त्रालयको आवश्यकता अनुसार निर्देशिका बनाई लागू गर्न सक्नेछ ।

कानून न्याय तथा संसदीय मामिला मन्त्रालय

---

✡ चौथो संशोधनद्वारा थप ।

◢ छैठौं संशोधनद्वारा थप ।

दृष्टव्यः (१) मालपोत (दोश्रो संशोधन) नियमावली, २०५२ द्वारा रुपान्तर गरिएका शब्दहरुः-

"पञ्चायत" को सट्टा "गाउँ विकास समिति वा नगरपालिका" ।

(२) केही नेपाल कानून संशोधन गर्ने ऐन, २०६३ द्धारा रुपान्तरण गरिएका शब्दहरुः-

"श्री ५ को सरकार" को सट्टा "नेपाल सरकार" ।

(३) मालपोत (सातौं संशोधन) नियमावली, २०७५ द्वारा रुपान्तर गरिएका शब्दहरुः-

"गाउँ विकास समिति" को सट्टा "गाउँपालिका",

"स्थानीय निकाय" को सट्टा "स्थानीय तह",

"जिल्ला कार्यालय" को सट्टा "जिल्ला प्रशासन कार्यालय",

"जिल्ला विकास समिति" को सट्टा "जिल्ला समन्वय समित" ।

## अनुसूची -१

**(नियम ३ को उपनियम (१) सँग सम्बन्धित)**

**दर्ता किताब**

जिल्लाः- ....................

❖गाउँपालिका  वा नगरपालिकाः- ...................

| क्रम संख्या | वडा नं. | कि. नं. | किसिम | | | | | | | | क्षेत्रफल | जग्गावालाको नाम, थर र वतन | मोही लागेको भए मोहीको नाम, थर र वतन | मालपोत कार्यालय प्रमुखको दस्तखत र मिति | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | धनहर वा खेत | | | | भीट वा पाखो | | | | | | | | |
| | | | अवल | दोयम | सिम | चाहार | अवल | दोयम | सिम | चाहार | | | | | |
| | | | | | | | | | | | | | | | |

कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय

❖ दोश्रो संशोधनद्वारा संशोधित ।

**✡अनुसूची-१क.**

**(नियम ५घ को उपनियम (१) सँग सम्बन्धित)**

**घर, जग्गा रोक्का दस्तूर**

| | नगरपालिका क्षेत्रमा | अन्य क्षेत्रमा |
|---|---|---|
| १. लिखत रजिष्ट्रेशन भएकोमा | पचास रुपैयाँ | पच्चीस रुपैयाँ |
| २. लिखत रजिष्ट्रेशन नहुनेमा - | | |
| (क) पाँचहजार रुपैयाँ सम्मको आर्थिक कारोबारमा | पाँच रुपैयाँ | दुई रुपैयाँ |
| (ख) पाँचहजार एक रुपैयाँदेखि पच्चीस हजार रुपैयाँसम्मको आर्थिक कारोबारमा | दश रुपैयाँ | दुई रुपैयाँ |
| (ग) पच्चीसहजार एक रुपैयाँदेखि पचास हजार रुपैयाँसम्मको आर्थिक कारोबारमा | बीस रुपैयाँ | दश रुपैयाँ |
| (घ) पचास हजार एक रुपैयाँभन्दा माथि जतिसुकै आर्थिक कारोबारमा | पचास रुपैयाँ | पच्चीस रुपैयाँ |

कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय

✡ चौथो संशोधनद्वारा थप ।

**अनुसूची -२**

**(नियम ११ सँग सम्बन्धित)**

**मालपोत मिन्हाको लागि दिइने दर्खास्तको ढाँचा**

श्री मालपोत कार्यालय

..........................

मेरो निम्नबमोजिम बिवरण भएको जग्गाको ............................................ वाली नोक्सान भएकोले त्यसै कार्यालयबाट जाँच भै जे जति मालपोत मिन्हा पाउनु पर्ने हो मिन्हा पाउँ । व्यहोरा साँचो हो झुट्टा ठहरे ऐन बमोजिम सहुँला बुझाउँला ।

विवरण

| क्रम संख्या | जग्गा रहेको | | | जग्गाको | | | मालपोत | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| | जिल्ला | गाउँपालिका वा नगरपालिका | वडा नं. | कि.नं. | क्षेत्रफल | किसिम | | |
| | | | | | | | | |

दरखास्तवालाको सही ... .... .... ....... ......

दर्खास्तवालाको नाम, थर र वतन .... .... ... ...

मितिः- ..... .... .... .... ... ... ....

कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय

**⁂अनुसूची -२क.**

**(नियम २२क. को उपनियम (१) सँग सम्बन्धित)**

नेपाल सरकार

भूमि सुधार तथा व्यवस्था मन्त्रालय

मालपोत विभाग

मालपोत कार्यालय .............

**सरकारी जग्गाको दर्ता अभिलेख**

अञ्चलः-

जिल्लाः-

नगरपालिका/गाउँपालिकाः-

वडा नंः-

| कित्ता नं. | विरह | जग्गाको किसिम | क्षेत्रफल | सरकारी कार्यालय भए कार्यालयको नाम | प्रमाण संकेत | प्रमाणित गर्ने अधिकृतको दस्तखत र मिति | कैफियत |
|---|---|---|---|---|---|---|---|
| | | | | | | | |

कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय

⁂ तेस्रो संशोधनद्वारा थप ।

**⁂अनुसूची - २ख.**

**(नियम २२क. को उपनियम (१) सँग सम्बन्धित)**

नेपाल सरकार

भूमि सुधार तथा व्यवस्था मन्त्रालय

मालपोत विभाग

मालपोत कार्यालय ............

**<u>सार्वजनिक जग्गाको दर्ता अभिलेख</u>**

अञ्चलः-

जिल्लाः-

नगरपालिका/गाउँपालिकाः-

वडा नं.:-

| कित्ता नं. | विरह | जग्गाको किसिम | क्षेत्रफल | प्रमाण संकेत | प्रमाणित गर्ने अधिकृतको दस्तखत र मिति | कैफियत |
|---|---|---|---|---|---|---|
| | | | | | | |

कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय

⁂ तेस्रो संशोधनद्वारा थप ।

## अनुसूची - ३

**(नियम १७ को उपनियम (१) सँग सम्बन्धित)**

**जग्गा आवाद गर्न दिइने दर्खास्तको ढाँचा**

श्री अध्यक्ष,

हाल आवादी समिति

.......................... ।

निम्नलिखित जग्गा आवाद गर्न पाउँ भनी नियमानुसार यो दर्खास्त पेश गरेको छु/छौं । निम्नलिखित व्यहोराहरु जाने बुझेसम्म सत्य र सही हुन् । झुट्टा ठहरे ऐन सवाल बमोजिम बुझाउँला र मैले/हामीले प्राप्त गरेको जग्गा फिर्ता लिएमा कुनै प्रकारको उजूर वाजूर गर्ने छैन/छैनौं ।

(१) माग गरेको जग्गाको विवरण

| जग्गा रहेको | | | जग्गाको चौहदी | | | | अन्दाजी क्षेत्रफल | जग्गाको वर्तमान अवस्था (जङ्गल, पर्ति, गौचर, वन, सीमाना भित्र बाहिर आदि खुलाउने) |
|---|---|---|---|---|---|---|---|---|
| जिल्ला | गाउँपालिका वा नगरपालिका | वडा | पूर्व | पश्चिम | उत्तर | दक्षिण | | |
| | | | | | | | | |

(२) परिवार र परिवारमा रहेको जग्गाको विवरण

| सि.नं. | | | | परिवारको नाममा रहेको जग्गा सम्बन्धि विवरण | | | | मोहियानी को जग्गा भए तिर्नुपर्ने कूत | आफूसँग भएको जनावर, खेती औजारका विवरण | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | नाम | उमेर | नाता | जिल्ला | गाउँपालिका वा नगरपालिका | वडा | क्षेत्रफल | | | |
| | | | | | | | | | | |

(३) जमीन प्राप्त भएमा सो जमीन आवाद गरी खेती गर्न चाहिने खाद्यान्न आफुसँग छ छैन ? ...............................................................................

छैन भने कसरी जुटाउने ?

(४) माथि २ नं. को विवरणमा लेखिएको मध्ये कसैले यस कार्यक्रम वा अन्य कुनै कार्यक्रम अन्तर्गत जग्गा पाउने भनी दरखास्त पेश गरेको छ छैन ? .....................

कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय

छ भने दर्खास्त दिने व्यक्तिको नाम र व्यहोरा ........................................

दरखास्तवालाको सही .....................

पूरा नाम .....................

ठेगाना ......................

(क) स्थायी .....................

(ख) अस्थायी .....................

मिति .....................

कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय

## ◢अनुसूची -४
## (नियम २३क. को उपनियम (३) र (४) सँग सम्बन्धित)

मितिः.....................

श्री कार्यालय प्रमुखज्यू,
मलपोत कार्यालय ........................... ।

**विषयः भू-सेवा केन्द्र सञ्चालन गर्ने अनुमति पाउँ ।**

मैले यस संस्था/निकायले भू-सूचना प्रणालीको माध्यमबाट भू-सेवा केन्द्र सञ्चालन गर्न चाहेकोले अनुमतिपत्रको लागि देहायका कागजात संलग्न गरी यो निवेदन पेश गरेको छु/छौं ।

निवेदक,
सहीः
नामः
संस्था भएमा दर्ता प्रमाणपत्र नं.:
ठेगानाः
स्थायी लेखा नं.:
व्यक्ति भए नागरिकता प्रमाणपत्र नं.:
स्थायी लेखा नं.:
फोन नं./मोबाइल नं.:
इमेलः

संस्था वा निकायको छापः

कागजातहरुः

- नागरिकता प्रमाणपत्र/संस्था दर्ता प्रमाणपत्रको प्रतिलिपि
- शैक्षिक योग्यता तथा तालीमको प्रमाणपत्रको प्रतिलिपि
- स्थायी लेखा नं. प्रमाण पत्रको प्रतिलिपि
- व्यक्ति वा संस्थाको हकमा बैङ्क ग्यारेन्टी वा नगद बुझाएको रसिद
- व्यक्ति वा संस्थाको हकमा कर चुक्ता प्रमाणपत्रको प्रतिलिपि
- भौतिक पूर्वाधार सम्बन्धी विवरण

कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय

◢ छैठौं संशोधनद्वारा थप ।

**◢अनुसूची -५**

**(नियम २३क. को उपनियम (५) सँग सम्बन्धित)**

**नेपाल सरकार**

**भूमिसुधार तथा व्यवस्था मन्त्रालय**

**भूमिसुधार तथा व्यवस्थापन विभाग**

**मालपोत कार्यालय, ........................**

फोटो (१.२x१.२ इन्च साइज) फोटो प्रमाणित गर्नेको सही/संस्थाको छाप र प्रतिनिधिको सही

अनुमतिपत्र नं. .......                                        मितिः .............

<u>भू्सेवा केन्द्र सञ्चालन गर्न अनुमतिपत्र</u>

श्री................................

तपाईं/त्यस संस्था/निकायलाई मालपोत नियमावली, २०३६ नियम २३क. बमोजिम भू—सेवा केन्द्र सञ्चालन गर्न यो अनुमतिपत्र दिइएको छ ।

सेवा केन्द्रको नामः .........................................................................

सेवा केन्द्र सञ्चालन प्रतिनिधिको नामः.......................................................

स्थायी लेखा नं. ...............................................................................

ठेगानाः ..........................................................................................

मोबाइल नं. ...................................................................................

टेलिफोन नं. ..................................................................................

इमेलः ...........................................................................................

(..........................)

कार्यालय प्रमुखको सही

<u>नवीकरणको विवरण</u>

| क्र.स. | अनुमतिपत्र बहाल रहने अवधि | | नवीकरण दस्तुर | बैंक भौचर नं./ रसिद नं. | नवीकरण गर्नेको | | | कार्यालयको छाप |
|---|---|---|---|---|---|---|---|---|
| | देखि | सम्म | | | नाम | पद | सही | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |

◢ छैठौं संशोधनद्वारा थप ।

फोटो (१.२x१.२ इन्च साइज) फोटो प्रमाणित गर्नेको सही/संस्थाका छाप र प्रतिनिधिको सही

# ◢अनुसूची -६

**(नियम २३छ. सँग सम्बन्धित)**

**<u>जग्गाधनी दर्ता श्रेस्ता</u>**

जग्गाधनी संकेत नं. ..................

मोठ नं. .......... पाना नं. .........

व्यक्तिगत विवरण

| औंठा छाप | |
|---|---|
| दायाँ | बायाँ |
| | |

जग्गाधनीको सही ............ मिति

जग्गाधनीको नामः ........................................................................................................................

जन्म/स्थापना मितिः (वि.सं.) .......... (ई.स.) .............. लिंग/संस्था किसिमः .................. परिवार संख्याः ................

ठेगानाः जिल्लाः ........... गा.वि.स./न.पा. ................ वडा नं. .............. गाँउटोलः .............. घर/ब्लक नंः...............

बाबु/आमाको नाम थरः ........................................................................................................................

पति/पत्नीको नाम थरः ........................................................................................................................

बाजे/बज्यै/ससुराको नाम थरः.................................................................................................................

नागरिकता प्रमाणपत्र/संख्या दर्ता नं ............................... जारी गर्ने कार्यालयको नाम र जिल्ला ..................................

मिति ............................

मोवाइल/टेलिफोन/फ्याक्स नं. ............................ इमेलः .................... स्थायी लेखा नं. .........................

मतदाता परिचयपत्र नं. .............. राष्ट्रियता ............ राहदानी नं. .............. राष्ट्रियता परिचयपत्र नं ..............

◢छैठौं संशोधनद्वारा थप ।

| प्रमाण संकेत | | | जिल्ला | वडा न.. | कित्ता नं. | क्षेत्रफल (रोपनी/ बिगाहा) | स्वामित्व (एकलौटी/संयुक्त) | मोही र गुठीको नाम र जग्गाधनी संकेत नं. | किसिम वर्ग | भू-उपयोगको क्षेत्र | तयार गर्नेको सही | प्रमाणित गर्नेको सही | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| साविक कि.नं. | र.नं./सि.नं. | कार्यालय को नाम | गा.वि.स./न.पा. | नक्सा सिट नं. | खण्डे नं. | वर्ग मि. | संयुक्त भएमा तर्फ, प्रतिशत, जग्गाधनी संकेत नं. र नाम उल्लेख गर्ने | | विवरण (घर आवादी) | बिरह | नाम र संकेत नं. | नाम र संकेत नं. | |
| | मिति | कारोबार को किसिम | | | | | | | | | | | |
| | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | |

कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय

| |
|---|
| फोटो (१.२x१.२ इन्च साइज) फोटो प्रमाणित गर्नेको सही/संस्थाको छाप र प्रतिनिधिको सही |

**◢अनुसूची -७**

**(नियम २३छ. सँग सम्बन्धित)**

**जग्गाधनी दर्ता प्रमाण पूर्जा**

मालपोत कार्यालय, ............ जग्गाधनी प्रमाणपूर्जा नं. प्रिन्ट मिति .............

जग्गाधनी संकेत नं. ..........

| औंठा छाप | |
|---|---|
| दायाँ | बायाँ |
| | |

| |
|---|
| जग्गाधनीको सही |

व्यक्तिगत विवरण

जग्गाधनीको नामः ...........................................................................................................................

जन्म/स्थापना मितिः (वि.सं.) ........... (ई.स.) .............. लिंग/संस्था किसिमः .................. परिवार संख्याः .................

ठेगानाः जिल्लाः ........... गा.वि.स./न.पा. ................ वडा नं. .............. गाँउटोलः .............. घर/ब्लक नंः................

बाबु/आमाको नाम थरः ..............................................................................................................

पति/पत्नीको नाम थरः ...............................................................................................................

बाजे/बज्यै/ससुराको नाम थरः.....................................................................................................

नागरिकता प्रमाणपत्र/संख्या दर्ता नंः ............................... जारी गर्ने कार्यालयको नाम र जिल्ला ..................................

मिति ............................

मोवाइल/टेलिफोन/फ्याक्स नं. ............................ इमेलः .................... स्थायी लेखा नं. ..........................

मतदाता परिचयपत्र नं. .............. राष्ट्रियता ............ राहदानी नं. .............. राष्ट्रियता परिचयपत्र नं ..............

जग्गा/घर जग्गाको विवरण

◢ छैठौं संशोधनद्वारा थप ।

| प्रमाण संकेत | | | जिल्ला | वडा न.. | कित्ता नं. | क्षेत्रफल (रोपनी)/ बिगाहा) | स्वामित्व (एकलौटी संयुक्त) | मोही र गुठीको नाम र जग्गाधनी संकेत नं. | किसिम/वर्ग | भू-उपयोगको क्षेत्र | तयार गर्नेको सही | प्रमाणित गर्नेको सही | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| साविक कि.नं. | र.नं./सि.नं. | कार्यालयको नाम | गा.वि.स./न.पा. | नक्सा सिट नं. | खण्डे नं. | वर्ग मि. | संयुक्त भएमा तर्फ, प्रतिशत, जग्गाधनी संकेत नं. र नाम उल्लेख गर्ने | | विवरण (घर आवादी) | बिरह | नाम र संकेत नं. | नाम र संकेत नं. | |
| | मिति | कारोबारको किसिम | | | | | | | | | | | |
| | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | |

कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय